# टेक एन्ड पे व्यवस्था हट्नु महत्त्वपूर्ण उपलब्धि : इप्पान



**काठमाडौं**/ ऊर्जा व्यवसायीहरूले बजेट वक्तव्यबाट नदी प्रवाहमा (आरओआर) आधारित जलविद्युत् परियोजनाको विद्युत् खरिद सम्झौता टेक एन्ड पे (लेउ र तिर)को व्यवस्था हटाउनु स्वागतयोग्य भएको बताएका छन् । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान)ले बिहीबार काठमाडौंमा पत्रकार सम्मलेन गर्दै यो महत्त्वपूर्ण उपलब्धि भएको बताएको हो ।

१५ जेठमा अर्थमन्त्री विष्णु पौडेलले बजेट वक्तव्यमार्फत आरओआर आयोजनाको पिपिए टेक एन्ड पेमा गर्ने बताएका थिए । त्यसपछि ऊर्जा व्यवसायीलगायतका सरोकारवालाको चौतर्फी विरोधपछि गत मंगलबार संसद्बाट अर्थमन्त्री पौडेलले उक्त व्यवस्था हटाएका हुन् । त्यसपछि इप्पानले बिहीबार पत्रकार सम्मेलन गर्दै त्यसको स्वागत गरेको हो ।

'बजेटमै टेक एन्ड पे पिपिए गर्ने घोषणा भएकोमा यसलाई परिवर्तन गरी वित्तीय जोखिम मूल्यांकनका आधारमा ऊर्जा खपत र निर्यात हुने यकिन भएका विद्युत् प्राधिकरणले दायित्व भुक्तानी गर्न सक्ने सुनिश्चित भएका आयोजनाको पिपिए गर्न सकिने उल्लेख गरिएको छ । संसद्मा स्पष्ट रूपमा सम्माननीय प्रधानमन्त्रीले टेक एन्ड पे पिपिए हटाइएको र माननीय अर्थमन्त्रीले संशोधनको प्रस्तावसहित निजी क्षेत्रलाई प्रवर्द्धन गर्ने अभिव्यक्ति दिनुभएको छ,' इप्पानले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।





नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक
कान्तिपुर
ekantipur.com
वर्ष ३३ अंक १२९ काठमाडौं   १३ असार २०८२ शुक्रबार आषाढ शुक्लपक्ष द्वितीया   नेपाल संवत् ११४५   राष्ट्रिय संस्करण   KANTIPUR, Nepali National Daily, Friday, June 27, 2025   पृष्ठ १०   १० रुपैयाँ

# ‘टेक एन्ड पे पीपीएको प्रावधान हटाउने घोषणा स्वागतयोग्य’



**कान्तिपुर संवाददाता** (काठमाडौं)

संसद्बाट ‘टेक एन्ड पे’ (लेऊ र तिर) विद्युत् खरिद-बिक्री सम्झौता (पीपीए) को प्रावधान हटाउने घोषणा गरिनु महत्त्वपूर्ण उपलब्धि भएको स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान) ले बताएको छ । काठमाडौंमा पत्रकार सम्मेलन गर्दै इप्पानले बिहीबार सरकारले ऊर्जामैत्री नीति अपनाएको भन्दै गरिरहेका आन्दोलन स्थगनसमेत गरेको छ ।

बजेटमा घोषित ‘टेक एन्ड पे’ पीपीए संसद्बाट हटाइनु राम्रो पक्ष रहेको इप्पानका वरिष्ठ उपाध्यक्ष मोहन डाँगीले जनाए । बजेटमै ‘टेक एन्ड पे’ पीपीए गर्ने घोषणा भएकामा यसलाई परिवर्तन गरी वित्तीय जोखिम मूल्यांकनका आधारमा ऊर्जा खपत र निर्यात हुने यकिन भएका र नेपाल विद्युत् प्राधिकरणले दायित्व भुक्तानी गर्न सक्ने सुनिश्चित भएका आयोजनाको पीपीए गर्न सकिने उल्लेख छ ।

‘टेक एन्ड पे’ पीपीएको प्रावधान हटेपछि नियमित रहेको र घोषणापछि बन्द भएको १० मेगावाटसम्मको पीपीएले निरन्तरता पाउने, प्राधिकरणले सार्वजनिक गरेको सूचनाअनुसार थप पीपीए हुने तथा मन्त्रिपरिषद्बाट पारित ऊर्जा विकास मार्गचित्र, २०८१ का आधारमा पीपीए खुला भई निजी क्षेत्रले ढुक्कका साथ लगानी गर्ने वातावरण निर्माण हुने आफूहरूको अपेक्षा रहेको डाँगीले सुनाए । सरकारको १० वर्षमा १३ हजार ५ सय मेगावाट आन्तरिक खपत गर्ने तथा १५ हजार मेगावाट विद्युत् निर्यात गर्ने योजना सफल बनाउने दायित्व निजी क्षेत्रको पनि भएको उनी बताउँछन् ।

‘सञ्चारमाध्यम र सञ्चारकर्मी, नीति निर्माता, विभिन्न राजनीतिक दलका प्रतिनिधिलगायतको साथ र सहयोगमा इप्पानले गरेको खबरदारी, वकालत, भेटघाट, ज्ञापनपत्र, बहसलगायत पहिलो चरणको भद्र आन्दोलनकै कारण ‘टेक एन्ड पे’ पीपीए हटाउने घोषणा गरिएको छ,’ इप्पानले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

संसद्बाट प्रधानमन्त्री केपी शर्मा ओलीले ‘टेक एन्ड पे’ पीपीए हटाइएको र अर्थमन्त्री विष्णु पौडेलले संशोधनको प्रस्तावसहित निजी क्षेत्रलाई प्रवर्द्धन गर्ने अभिव्यक्ति दिइसकेका छन् । निजी क्षेत्रले उत्पादन गरेका बिजुली अहिले पनि ट्रान्समिट हुन नसकेको इप्पानका अध्यक्ष गणेश कार्कीले बताए । ट्रान्समिसन लाइन बनाउन निजी क्षेत्रलाई दिनुपर्ने उनको भनाइ छ ।

# नेप्से परिसूचक घट्दा पनि कारोबारमा जलविद्युत् कम्पनीकै वर्चस्व


**कान्तिपुर संवाददाता** (काठमाडौं)

नेप्से परिसूचक ४.४५ प्रतिशतले घट्दा जलविद्युत् उपसमूह ३.८२ अंकले मात्रै बढेको छ । सेयर मूल्य बढ्ने र कारोबार रकमका आधारमा पनि जलविद्युत् कम्पनीहरू नै अघि छन् । सेयर मूल्य बढेका पाँच कम्पनीमध्ये तीन जलविद्युत्कै छन् ।

बिहीबार ग्रिन डेभलपमेन्ट बैंकको ९.१८ र सप्तकोशी विकास बैंकको ९ प्रतिशतले सेयर मूल्य बढेको छ । वरुण हाइड्रोपावरको ८.९३, पिपुल्स हाइड्रोपावर कम्पनीको ७.१४ र सुपर मादी हाइड्रोपावरको ६.८४ प्रतिशतले सेयर मूल्य बढ्यो । कारोबार रकमको आधारमा मुख्य पाँच कम्पनी जलविद्युत्कै रहे । बुटवल पावर कम्पनी, राधी विद्युत् कम्पनी, डादी ग्रुप पावर, सिँगटी हाइड्रो इनर्जी र वरुण हाइड्रोपावर कम्पनीको सबैभन्दा धेरै रकमको कारोबार भयो ।

बुटवल पावर कम्पनीको ६२ करोड ५२ लाख, राधी विद्युत् कम्पनीको ३९ करोड २० लाख, डादी ग्रुप पावरको ३२ करोड ३२ लाख, सिँगटी हाइड्रो इनर्जीको ३१ करोड ६१ लाख र वरुण हाइड्रोपावर कम्पनीको २८ करोड ५ लाख रुपैयाँको सेयर किनबेच भएको छ । नेप्सेका अनुसार विकास बैंक उपसमूह ५२.८८ र लघुवित्त ६.४१ अंकले बढेको छ । सामूहिक लगानी कोष उपसमूहको मूल्य स्थिर रह्यो । घट्ने उपसमूहहरूमा होटल तथा पर्यटन, जीवन बिमा, निर्जीवन बिमा र व्यापार छन् ।

साताको अन्तिम कारोबार दिन रिलायबल समृद्धि योजना, ओम मेगाश्री फर्मास्युटिकल्स, पियोर इनर्जी, जोशी हाइड्रोपावर, क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्सको सेयर मूल्य घट्यो । तीन कारोबार दिनसम्म २६ सय बिन्दुमै स्थिर रहेको नेप्से परिसूचक बिहीबार शून्य दशमलव १७ प्रतिशतले घटेर २५ सय ९५ दशमलव ७४ बिन्दुमा ओर्लिएको छ । यसअघि तीन महिनापछि नेप्से २५ सय बिन्दुमा पुगेको थियो ।



**कारोबार रकमका आधारमा पनि जलविद्युत् कम्पनी नै अघि, सेयर मूल्य बढेका पाँच कम्पनीमध्ये तीन जलविद्युत्कै**

कुल १ करोड ९६ लाख ५० हजार २ सय १० कित्ता सेयर किनबेच हुँदा ७ अर्ब ७८ करोड २ लाख ४२ हजार रुपैयाँको सेयर कारोबार भएको छ, जुन पछिल्ला तीन कारोबार दिनयताकै उच्च हो । गत सोमबारयता साढे ६ अर्ब रुपैयाँभन्दा बढी रकमको कारोबार हुन सकेको थिएन । सोमबार ६ अर्ब ४७ करोड, मंगलबार ५ अर्ब ७६ करोड र बुधबार ५ अर्ब ९२ करोड रुपैयाँको कारोबार भएको थियो । बिहीबार पौने ८ अर्ब रुपैयाँको कारोबार भएको नेप्से जनाएको छ ।

नेप्से घट्दा सेयर बजारको आकार (कुल बजार पुँजीकरण) समेत खुम्चिएको छ । सेयर बजारको आकार ७ अर्ब ४१ करोड ५६ लाख रुपैयाँले खुम्चिएको हो । नेप्से ओरालो लाग्दा कम्पनीहरूको सेयर मूल्य पनि घट्ने भएकाले कुल बजार पुँजीकरण ७ अर्ब ४१ करोड ५६ लाख रुपैयाँले घटेको छ । बुधबार ४ खर्ब ३३ अर्ब २३ करोड रुपैयाँ रहेकामा बिहीबार ४ खर्ब ३२ अर्ब ४८ करोड रुपैयाँमा कायम भएको छ ।

कुल सूचीकृत सेयरलाई सोही दिनको सेयर मूल्यले गुणा गरेर कुल बजार पुँजीकरण गणना गरिन्छ । पुँजीकरण घट्नुको अर्थ सूचीकृत सेयरको बजार मूल्यमा कमी हुनु हो । यही आधारमा पुँजीकरण घट्दा लगानीकर्ताको सम्पत्तिको मूल्य घटेको तथा सेयर बजारको आकार खुम्चिएको रूपमा विश्लेषण गरिएको हो ।

karobar
1st National Economic Daily
नेपालमा सर्वाधिक पढिने पहिलो राष्ट्रिय आर्थिक दैनिक
# कारोबार

नयाँ ग्राहक बन्नु परेमा
ठेगाना परिवर्तन भएमा।
अन्य कुनै सुझाव भएमा।
०१-४७९५०००
९८०११६८८६५

वर्ष १६, अंक १६८ । राष्ट्रिय संस्करण । नेपाल संवत् ११४५ । शुक्रबार, १३ असार २०८२ । FRIDAY, 27 JUNE 2025 । पृष्ठ १६ । मूल्य १० रुपैयाँ karobardaily.com

## ऊर्जा उद्यमी विद्युत विकासमा केन्द्रित हुने

काठमाडौं (कास)- ऊर्जा उत्पादकहरु १० वर्षमा साढे २८ हजार मेगावाट विद्युत विकास लक्ष्यमा केन्द्रित हुने भएका छन् । आगामी आर्थिक वर्षको बजेटमा उल्लेखित टेक एण्ड पे पीपीएको व्यवस्था हटाउने सरकारको कदमको स्वागत गर्दै अब विद्युत उत्पादनमा केन्द्रित हुने स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था नेपाल (इप्पान) का अध्यक्ष गणेश कार्कीले बताए।

बिहीबार पत्रकार सम्मेलन गर्दै इप्पानले सबैको साथमा गरिएको भद्र र शान्तिपूर्ण आन्दोलनबाटै बजेटको प्रावधान हटाउने घोषणालाई महत्वपूर्ण उपलब्धि मानेको छ। यसको साथै थप आन्दोलनका कार्यक्रमलाई स्थगित गरेको छ । 'सरकारले ल्याएको बजेट विशेष अवस्थामा समेत परिवर्तन नहुने विगतको परम्परालाई तोड्दै संसोधन हुनु महत्वपूर्ण छ' उनले भने । संसद्मार्फत नै सरकारले निजी क्षेत्रलाई प्रवर्द्धन गर्ने अभिव्यक्तिलाई उत्साहजनक भनेको छ।

बजेटमा ल्याइएको प्रावधान हटेपछि १० मेगावाट सम्मको पीपीएले निरन्तरता पाउने, प्राधिकरणले सार्वजनिक गरेको सूचना अनुसार थप पीपीए हुने तथा मन्त्रीपरिषद्बाट पारित ऊर्जा विकास मार्गचित्र, २०८१ को आधारमा पीपीए खुला भई निजी क्षेत्रले ढुक्कका साथ लगानी गर्ने वातावरण निर्माण हुने उनीहरुको भनाइ छ।

सरकारको १३ हजार ५ सय मेगावाट आन्तरिक खपत गर्ने तथा १५ हजार मेगावाट विद्युत निर्यात गर्ने योजनालाई सफल बनाउने दायित्व निजी क्षेत्रको पनि भएको अध्यक्ष कार्कीले बताए। 'त्यसको लागि विभिन्न मन्त्रालय र निकायका साथै विद्युत प्राधिकरण लगायतबाट यो लक्ष्य हासिल गर्नका लागि लगानीको उचित वातावरण निर्माण गर्न सबै किसिमको सहजीकरण हुने अपेक्षा छ' उनले भने । टेक एण्ड पे पीपीएको विषय निजी क्षेत्रसँग मात्र जोडिएको नभएर सरकारकै ऊर्जा विकासमार्फत समृद्धि हासिल गर्ने, बढ्दो आयात घटाउने, सन् २०४५ भित्र कार्बन उत्सर्जन शुन्यमा झार्ने विषयसँग पनि सम्बन्धित रहेको उल्लेख गरे।

अहिले विद्युत प्राधिकरण एकल क्रेता भएकोले आन्तरिक खपत र बाह्य विद्युत व्यापारमा समस्या हुनुको साथै समयमै प्रसारणलाइन नबन्दा विद्युत आपूर्तिमा पनि समस्या भईरहेको उल्लेख गरेका छन् । अब सरकारले निजी क्षेत्रलाई छिट्टै विद्युत व्यापारको अनुमतिपत्र दिने व्यवस्था गरी अनुमतिपत्र कुरिरहेका आधा दर्जन कम्पनीलाई अनुमति दिने व्यवस्था गर्नुपर्ने आशा गरिरहेको इप्पानका वरिष्ठ उपाध्यक्ष मोहन डाँगीले बताए। इप्पानका महासचिव बलराम खतिवडाले बताए।

यसअघि आगामी आर्थिक वर्ष २०८२/८३ को बजेटले नदी प्रवाही (आरओआर) आयोजनाको टेक एण्ड पे आधारमा विद्युत खरिद सम्झौता (पीपीए) गरिने विषय घोषणा गरेको थियो । त्यसपछि ऊर्जा उत्पादकले १६ जेठदेखि विरोध गर्ने निर्णय गरेको थियो । टेक एण्ड पे प्रावधानले सरकारबाट अनुमति लिएका र विकासका विभिन्न चरणमा रहेका १७ हजार ११७ मेगावाट क्षमताका जलविद्युत आयोजनाको निर्माण पूर्णरुपमा अनिश्चित बनेको निष्कर्ष निकालेको थियो । त्यसको साथै ती आयोजनामा लगानी भएको १ खर्ब ९ अर्ब ८ रुपैयाँ डुब्ने अवस्था सिर्जना भएको भन्दै चिन्तित भएका थिए।

यो प्रावधान हटाउन प्रधानमन्त्री केपी ओली, नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवा, उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेल, ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्री दीपक खड्का, विभिन्न राजनीतिक दलका नेता, प्रमुख सचेतकहरु, सांसदहरु तथा अन्य सरोकारवाला निकायका प्रतिनिधिहरुसँग भेटेर र ज्ञापनपत्र बुझाएका थिए।

त्यसपछि इप्पानले २०८२ जेठ ३० मा आन्दोलनको घोषणा गरेको थियो। घोषित आन्दोलनमा पहिलो चरणमा शान्तिपूर्ण रुपमा भेटघाट, ज्ञापनपत्र, सामाजिक सञ्जाल र एसएमएसमार्फत सन्देश पठाउने पठाएर विरोध गरेको थियो। वरिष्ठ उपाध्यक्ष मोहनकुँमार डाँगीको संयोजकत्वमा इप्पान आन्दोलन समितिले एसएमएसमार्फत 'ऊर्जा क्षेत्र समाप्त पार्ने, लोडसेडिङ निम्त्याउने, लगानीकर्तालाई डुबाउने र देशको अर्थतन्त्र सिध्याउने टेक एण्ड पे पीपीए खारेज गर' भन्ने सन्देश पठाएका थिए।

पहिलो चरणको आन्दोलनकै क्रममा अर्थमन्त्री विष्णु पौडेलले ११ असारमा टेक एण्ड पे पीपीए हटाउने प्रतिनीधि सभामा घोषणा गरे। नयाँ व्यवस्थाको रुपमा 'वित्तिय जोखिम मूल्यांकनको आधारमा ऊर्जा खपत र निर्यात हुने एकीन भएका नेपाल विद्युत प्राधिकरणले दायित्व भुक्तानी गर्न सक्ने सुनिश्चित भएका आयोजनाहरुको पीपीए गर्न सकिने' उल्लेख छ।

नेपालमा विद्युत ऐन, २०४९ र नियमावली २०५० मा ऊर्जामा निजी क्षेत्रलाई लगानीका लागि खुला गरेको हो । तर, विद्युत खरिद सम्झौता (पीपीए) सुनिश्चित नभएकै कारण निजी क्षेत्रले लगानी नगरेपछि १४ असार २०५५ मा पहिलो पटक नेपाल विद्युत प्राधिकरणको बोर्ड बैठकबाट पीपीए दर तोकिएको थियो । त्यसपछि निजी क्षेत्रले विद्युत उत्पादनमा आक्रामक लगानी सुरु गर्‍यो । त्यसैको परिणामस्वरुप २५ वर्षको अवधिमा नेपालको विद्युत उत्पादन क्षमता ३ हजार ६ सय मेगावाट पुग्दा निजी क्षेत्रको हिस्सा ८० प्रतिशत छ । त्यति मात्र होइन, निर्माणाधीन जलविद्युत आयोजनामा निजी क्षेत्रको हिस्सा ९० प्रतिशत छ। ऊर्जा उत्पादक निजी क्षेत्रले उत्पादन वृद्धि गरेकै कारण दैनिक १६ घण्टासम्मको लोडसेडिङ नेपालबाट हट्नुको साथै आयात गर्ने मुलुक निर्यात गर्ने मुलुकमा परिणत भएको उनीहरुको दावी छ।

## ऊर्जा सुरक्षा र क्षेत्रीय सहकार्यमा जोड

काठमाडौं (कास) - सांघाई सहयोग संगठनको बैठकमा ऊर्जा सुरक्षा र क्षेत्रीय सहकार्यमा जोड दिइएको छ । ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले क्षेत्रीय ऊर्जा भविष्यलाई सुरक्षित, समावेशी र हरित बनाउन तीन प्रमुख नीतिगत उपायहरुको आवश्यकतामा जोड दिँदै सो कुरा बताएका हुन् । तीन प्रमुख उपायमध्ये पहिलो दीर्घकालीन विद्युत व्यापारको प्रोत्साहन दोस्रो, क्षेत्रीय प्रसारण पूर्वाधारमा लगानी र तेस्रो हरित वित्त प्रणालीद्वारा ऊर्जा बजारको विकासका उपाय रहेका छन्।

सांघाई सहयोग संगठनअन्तर्गत चीनको जेझियाङ प्रान्तस्थित निङ्बो सहरमा आयोजित पाँचौं ऊर्जा मन्त्रीस्तरीय बैठकले सम्बोधन गर्दै मन्त्री खड्काले उच्च गुणस्तरीय ऊर्जा विकासको लागि नीतिगत सुधारमा केन्द्रित सत्रलाई सम्बोधन गर्दै नेपालको ऊर्जा रणनीतिका बारेमा धारणा प्रस्तुत गरे।

उनले ऊर्जा सुरक्षालाई आधुनिक जीवनका लागि अनिवार्य आवश्यकता बताए। 'ऊर्जा आजका लागि विकल्प होइन, जीवनका लागि अक्सिजन जत्तिकै आवश्यक विषय हो' उनले भने । क्षेत्रीय सहकार्य, नीतिगत नवप्रवर्तन र लगानीको महत्वमा जोड दिँदै ऊर्जा सुरक्षा र उच्च गुणस्तरीय ऊर्जा विकासका लागि एकजुट हुन आग्रह गरे। नेपालले पछिल्लो पाँच वर्षमा विद्युत उत्पादन दोब्बर बनाएको र ९९ प्रतिशत जनतालाई विद्युत पहुँचमा पुर्‍याएको उल्लेख गरे। त्यसमध्ये ९५ प्रतिशतभन्दा बढी विद्युत उत्पादन नवीकरणीय ऊर्जाका स्रोतबाट गरिरहेको जानकारी दिए। नेपालले भारतसँग १३२ केभी र ४०० केभी प्रसारणलाइन सञ्चालनमा ल्याएको छ। बंगलादेशसँग विद्युत निर्यात सम्झौतामा हस्ताक्षर गरेको छ। साथै, नेपाल र चीनबीच रसुवागढी-चिलिमे-केरुङबीच २२० केभी प्रसारण लाइन निर्माणको तयारी भइरहेको उल्लेख गरे।

नेपालले २०३५ सम्म साढे २८ हजार मेगावाट विद्युत उत्पादन गर्ने लक्ष्य राखेको र त्यसमा १५ हजार मेगावाट निर्यात गर्ने योजना बनाएको जानकारी दिए। त्यस्तै, नेपालले २०४५ सम्म शून्य कार्बन उत्सर्जन र विद्युतीय यातायात तथा उद्योग प्रणालीको विकासको लागि प्रतिबद्धता व्यक्त गरेको उल्लेख गरे।

मन्त्री खड्काले सांघाई सहयोग सदस्य राष्ट्रहरुबीच ऊर्जा विकास, ग्रिड कनेक्टिभिटी, नवप्रवर्तन, ऊर्जा सुरक्षाको प्रवर्द्धन र क्षेत्रीय सहकार्यलाई सुदृढ गर्नुपर्नेमा जोड दिए। 'ऊर्जा अब व्यापारको विषय मात्र नभई दिगो विकास र साझा समृद्धिको आधार बन्न पुगको छ, यसलाई साझेदारी र नवप्रवर्तनमार्फत ऊर्जा स्वतन्त्रताको यात्रामा अघि बढाउनु आवश्यक रहेको छ' उनले भने।

बैठकमा सांघाई सहयोग संगठनका सदस्य राष्ट्रका ऊर्जा मन्त्रीहरु, उच्च प्रतिनिधिहरु तथा प्राविधिक विज्ञहरुको सहभागिता रहेको छ। बैठकले क्षेत्रीय ऊर्जा सहकार्य, प्रविधि, पूर्वाधार तथा व्यापारको मार्गचित्र तय गर्ने अपेक्षा गरिएको छ।

१२५ वर्षमा
वि.सं. १९५८ देखि
निरन्तर प्रकाशित, बहुभाषी राष्ट्रिय दैनिक
हाम्रो गौरव, राष्ट्रको पत्रिका
गोरखापत्र
सर्वे भवन्तु सुखिनः सर्वे सन्तु निरामयाः । सर्वे भद्राणि पश्यन्तु मा कश्चिद् दुखभाग्जनः ।
gorkhapatraonline.com

# इप्पानको आन्दोलन स्थगित

**गोरखापत्र समाचारदाता**
*काठमाडौँ, असार १२ गते*

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) ले सरकारको विरोधमा घोषित सबै कार्यक्रम स्थगित गरेको छ।

आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट र विनियोजन विधेयकमा व्यवस्था गरिएको 'टेक एन्ड पे' को व्यवस्था खारेज गरको जिकिर गर्दै पत्रकार सम्मेलन गरेर आन्दोलन फिर्ता लिएको इप्पानले जनाएको छ । आगामी आव २०८२/८३ को बजेटमा जलप्रवाही आयोजनाको विद्युत् खरिदबिक्री सम्झौता (पिपिए) 'टेक एन्ड पे' का आधारमा गर्ने उल्लेख थियो। बजेट तथा कार्यक्रमको २२७ नम्बर बुँदामा 'विद्युत् उत्पादन र खपतबिच सन्तुलन कायम हुने गरी विद्युत् खरिद सम्झौता गर्ने नीति अवलम्बन गरिने छ। रन अफ रिभर (आरओआर) आयोजनाको टेक एन्ड पेका आधारमा विद्युत् खरिद सम्झौता (पिपिए) गरिने छ' भन्ने उल्लेख छ।

इप्पानले राजनीतिक दलका नेता तथा प्रतिनिधि सभाका सदस्यलाई भेटेर ज्ञापनपत्र दिनेदेखि सामाजिक सञ्जालमार्फत पनि आन्दोलन गरेको थियो । सोमबार प्रतिनिधि सभाको बैठकमा प्रधानमन्त्री केपी शर्मा ओलीले टेक एन्ड पेसम्बन्धी उल्लिखित व्यवस्था हटाइएको बताउनुभएको थियो । इप्पानले सरकारलाई धन्यवाद दिँदै आगामी दिनमा सरकार र निजी क्षेत्रको विकासमा सहकार्य विस्तार हुँदै जाने बताएको छ।

## विनासंशोधन राष्ट्रिय सभामा

यसैबिच सोमबार प्रतिनिधि सभाले पारित गरेको आगामी आवको विनियोजन विधेयक मङ्गलबार राष्ट्रिय सभामा पेस भएको छ। उक्त विधेयक टेबल गर्दै राष्ट्रिय सभाका सचिव डा. सुरेन्द्र अर्यालले असार १० मा प्रतिनिधि सभाले विनियोजन विधेयक (अर्थ विधेयक) संशोधनबिना पारित गरेको प्रतिनिधि सभाका सचिव हर्कराज राईले जानकारी गराउनुभएको छ।

# 'टेक एण्ड पे' बजेटबाट हट्नु ऊर्जा क्षेत्रको उपलब्धि : इप्पान



**मध्यान्ह सवांददाता**
काठमाडौं, १२ असार ।

'टेक एण्ड पे' प्रावधान बजेटमा हट्नु उर्जा क्षेत्रको लागि महत्वपूर्ण उपलब्धि भएको स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था नेपाल (इप्पान) ले जनाएको छ । 'टेक एण्ड पे' हटाउनु पर्ने मागसहित चरणवद्ध आन्दोलन गर्दै आएको इप्पानले बिहिबार पत्रकार सम्मेलन गर्दै आन्दोलन र दबाबकै कारण टेक एण्ड पे को व्यवस्था हटेको जनाएको हो । संसदमा बहुमत रहने सरकारले ल्याएको बजेट विशेष अवस्थामा पनि परिवर्तन नहुने विगतको परम्परा रहेकोमा सबैको साथ सहित इप्पानले गरेको भद्र र शान्तिपूर्ण आन्दोलनबाटै टेक एण्ड पे पीपीएको प्रावधान हटेको जनाएको हो ।

'टेक एण्ड पे' हटेपछि सरकारले अघि सारेको ऊर्जा विकास लक्ष्यमा निजी क्षेत्रे केन्द्रित हुने भन्दै ऊर्जा विकासमा अग्रसर हुने इप्पानको भनाई छ ।

सरकारले निजी क्षेत्रलाई छिट्टै विद्युत व्यापारको अनुमतिपत्र दिने व्यवस्था गरी अनुमतिपत्र कुरिरहेका आधा दर्जन कम्पनीलाई अनुमति दिने व्यवस्था गर्ने तथा प्रसारण लाइन निर्माणमा निजी क्षेत्र खुला गर्नु पर्नेमा जोड दिएको छ ।

विद्युत ऐन, २०४९ र नियमावली २०५० मा ऊर्जा क्षेत्रमा निजी क्षेत्रलाई लगानीका लागि खुला गरेपनि विद्युत खरिद सम्झौता (पीपीए) सुनिश्चित नभएकै कारण निजी क्षेत्रले लगानी नगरेपछि २०५५ साल असार १४ गते पहिलोपटक नेपाल विद्युत प्राधिकरणको बोर्ड बैठकबाट पीपीए दर तोकेसँगै निजी क्षेत्रले विद्युत उत्पादनको क्षेत्रमा आक्रामक रुपमा लगानी गरिरहेको इप्पानको भनाई छ ।

निजी क्षेत्रले उत्पादन वृद्धि गरेकै कारण दैनिक १६ घण्टासम्मको लोडसेडिङ नेपालबाट हटेको छ भने आयात गर्ने मुलुक निर्यात गर्ने मुलुकको रुपमा परिणत भएको छ । यही कारण डर्टी इनर्जीको उपयोग नेपालमा घट्दो क्रममा छ भने इन्धन उपयोग घटाउने विद्युतीय सवारी साधनहरुको उपयोग बढ्दो क्रममा छ' इप्पानले जनाएको छ ।

'टेक एण्ड पे' को प्रावधानले नेपाल सरकारबाट अनुमति लिएर विकासका विभिन्न चरणमा रहेका १७ हजार १ सय १७ मेगावाट क्षमताका जलविद्युत आयोजनाको निर्माण पूर्णरुपमा अनिश्चित बनेको तथा यसमा हालसम्म निजी क्षेत्रबाट लगानी भएको १ खर्ब ९ अर्ब ८ रुपैयाँ डुब्ने अवस्था रोकिएको इप्पानले जनाएको छ ।